स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




'गदर'ले ४० करोडको सानदार ओपनिङ गरेको फिल्मले प्रदर्शनको ८ दिनमै भारतमा ३ सय करोडको आङ्कडा नघाएको छ । फिल्म ब्लकबस्टर सावित भएको छ । पहिलो दिन ४० करोड १० लाख, दोस्रो दिन ४२ करोड ८ लाख, तेस्रो दिन ५१ करोड ७० लाख, चौंथो दिन ३८ करोड ७० लाख, पाँचौं दिन ५५ करोड ४० लाख, छैठौं दिन ३२ करोड ३७ लाख, सातौं दिन २३ करोड २८ लाख र औठौं दिन २० करोड ५० लाखको कमाई गर्दै ३ सय करोड नघाएको छ । ट्रेन्ड एनालिस्ट तरण आदर्शले 'गदर २' को क्रेज अतुलनीय रहेको छ ।

आजको विचार...



जनतालाई... (दुई पेजमा)

राजेन्द्र पन्थी



आगामी भाद्र ८ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्म 'जय हो' टिमले प्रचार प्रसारलाई तिव्रता दिइरहेको छ । यसैबीच फिल्मको टिम चुच्चेपाटीस्थित मनास्लु कलेज पुगेर 'जय हो' को प्रचार गर्‍यो । कलेजका करिब एक हजार विद्यार्थीमाझ सलोन बस्नेत, केकी अधिकारी, प्रस्तुतकर्ता शोभित बस्नेत र निर्देशक टेक पौरखी राई जय होको बारेमा जानकारी गराए । फिल्मका मुस्य अभिनेत सलोन बस्नेतले आफ्नै स्वरमा रहेको गीत सपनाको वेडिङ्ग गाएर सुनाएका थिए । करिब एक घन्टा जय हो टिमले विद्यार्थीसँग विताएको थियो ।

❒ वर्ष २९ ❒ अंक ३५ ❒ २०८० भदौ ३ गते आइतबार 20 August 2023, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### आक्रमणमा पाँचको मृत्यु

**(रासस/सिन्हुवा)** —

**चेर्निहिभ,** युक्रेन, भदौ २/रूसी राष्ट्रपति भ्लादिमिर पुटिन र मस्कोका शीर्ष सैन्य कमाण्डरसँग भेटेको केही घण्टापछि शनिबार युक्रेनको उत्तरी शहर चेर्निहिभमा क्षेप्यास्त्र आक्रमण भएको छ ।

आक्रमणमा परी कम्तीमा पाँच जनाको मृत्यु हुनुका साथै दर्जनौं घाइते भएका छन् । कीएभबाट करिब १५० किलोमिटर उत्तरमा बेलारुसतर्फ रहेको चेर्निहिभ रूसको आक्रमणको पहिलो महिनादेखि नै ठूला आक्रमणबाट धेरै हदसम्म जोगिएको थियो । फेब्रुअरी २०२२ मा बेलारूस हुँदै युक्रेनमा आक्रमण गर्दा रुसी सेनाले शहरभरि मार्च गरेको थियो । पुटिनले दक्षिणी रूसको रोस्तोभ-अन-डोनको दुर्लभ भ्रमणका क्रममा रूसी सेनाका शीर्ष जर्नेललाई भेटेपछि यो आक्रमण भएको हो । यो आक्रमण हुँदा युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले स्वीडेनको भ्रमणका लागि त्यसतर्फ लागि सकेका छन् । चेर्निहिभ आक्रमणबारे पुष्टि गर्दै युक्रेनका गृहमन्त्री इगोर क्लाइमेन्कोले टेलिग्राममा भनेका छन्, 'पाँच जनाको मृत्यु भएको छ । कम्तीमा ११ बालबालिकासहित ३७ जना घाइते भएका छन् ।' जेलेन्स्कीका अनुसार यो आक्रमण 'शहरको मध्यभागमा' एउटा चोकमा भएको थियो, जहाँ 'पोलिटेक्निक विश्वविद्यालय र एउटा नाट्यशाला' छ ।

## सिप सिकेकालाई प्रमाण पत्र

# 'सिकेको सिपलाई व्यवहारमा उतारौं, रोजगारी आफै प्राप्त हुन्छ'

**रामचन्द्र रायमाझी** —

**पाल्पा,** भदौ २/लुम्बिनी प्रदेशका सांसद तथा पूर्व मन्त्री वीरबहादुर रानाले सिकेको सिपलाई व्यवहारमा उतार्न आग्रह गरेका छन् । शनिबार शिव इन्स्टिच्यूट अफ मल्टि टेक्निकल एजुकेशन सेन्टर प्रालि तथा कस्मोपोलिटन कन्सल्टेण्ट एण्ड टेक्निकल एजुकेशन प्रालि पाल्पाले आयोजना गरेको विभिन्न सीपमूलक कार्यक्रमका प्रशिक्षार्थीहरुलाई प्रमाण पत्र वितरण गर्दै उनले सिकेको सिपलाई व्यवहारमा उतार्न आग्रह गरेका हुन् ।





पूर्व मन्त्री समेत रहेका रानाले सिप सिकेर मात्र नहुँने भन्दै सिपलाई व्यवहारमा उतार्न सके रोजगारी आफै प्राप्त हुने बताए । उनले भने ' अहिले धेरै युवाहरु रोजगारीका लागि भौतरी रहनुभएको छ, सिप नहुँदा र भएको सिप समेत व्यवहारमा प्रयोग नगर्दा रोजगारीका लागि भैतरिनुपरेको छ, अब त्यसरी हुँदै केही न केही सिप सिक्नैपर्छ र सिकेका कुराहरुलाई व्यवहारमा उतार्नै पर्छ ।' स्वदेशमै होस् वा विदेशमा रोजगारीका लागि सिप अपरिहार्य रहेको रानाको भनाई छ । उनले भने 'धेरै युवाहरु बाध्य भएर देश छोड्नु परेको छ । यस्तो अवस्थामा हामीले सिप सहितको रोजगार भनेका छौं, जसले गर्दा उचित किसिमको सेवा सुविधा पाउन सक्छौं ।' सांसद रानाले सकेसम्म वैदेशिक रोजगारमा जानै नपर्ने गरी सिप सिकेर आफ्नै ठाउँमा स्वरोजगार बन्न तथा जानै पर्ने परिस्थितिमा सिप सिकेर मात्र जानु पर्नेमा जोड दिए । उनले जुन क्षेत्रको सिप र ज्ञान प्राप्त गरिएको छ, त्यसमा अझ सशक्त र इमान्दारीताका साथ व्यवहारमा उतार्न जरुरी रहेको धारणा व्यक्त गरे । सांसद रानाले सरकारले सिपका थुप्रै इभेन्टहरु सञ्चालन गरे पनि त्यसतर्फ चासो नदिने गरेको बताए । उनले भने ' हामीले विगतका दिनहरुमा देख्ने गरेका छौं, राज्यले यस्ता थुप्रै इभेन्टहरु सञ्चालन गरेको छ, तर हामीले चासो नराख्ने, यसो एकछिन सिके जस्तो गर्ने तर यसलाई सहि ढंगले चासो नदिने , जुन किसिमको परिपाटी हामीमा पनि रहेको छ । ' सिप सिक्ने कुरामा दत्तचित्त भई आफुहरुलाई अनुशासित ढंगले अगाडि बढाउन सके सहज जीवन यापन गर्न ठूलो भूमिका खेल्ने सांसद रानाले विश्वास व्यक्त गरे । उनले राज्यले सबै कुरा दिन नसक्ने तर लगानी र रोजगारको वातावरण भने सिर्जना गरिदिने बताए । सांसद् रानाले भने 'स्वाभाविक रुपमा राज्य छ, तर राज्यले सबै कुरा दिन सक्दैन्, राज्यले रोजगारी , लगानी र सिप सिक्ने वातावरण बनाउने हो, हामी आफै पनि त्यस्ता अवसरहरु कहाँ छन्, खोजी नीति गर्न जरुरी छ ।' कार्यक्रममा तानसेन नगरपालिकाकी शिक्षा शाखा प्रमुख तथा इभेन्ट परियोजनाकी अनुगमन अधिकृत कपिला न्यौपानेले तालिममा सिकेका कुराहरुलाई व्यवहारमा उतार्न तालिममा सहभागीहरुलाई आग्रह गरिन् । पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराईले लेप्रमाणपत्र पाउने मात्र नभई नयाँ सोंचका साथ अगाडि बढ्ने बाटो खुला भएको बताए । उनले प्रमाणपत्रको सही सदुपयोगका लागि व्यवसाय सञ्चालन गर्न र स्वरोजगार बन्ने दिशामा लाग्न आग्रह गरे । अध्यक्ष भट्टराईले भने 'तालिममा सिकेका कुराहरुलाई व्यवहारमा उतार्नुहोस्, त्यसका लागि निजी क्षेत्रका उद्योगी व्यवसायी र होटल व्यवसायीहरुसँग भएको ज्ञान, अनुभव लिएर उनीहरुसँग सहकार्य गर्न सकिन्छ ।' कार्यक्रममा वडा सदस्य सुनिता श्रेष्ठ, नेपाल ट्रेड युनियन काँग्रेस पाल्पाका सभापति निलकण्ठ देवकोटा, पाल्पा व्यापार संघका सचिव बाकृष्ण भण्डारी, होटल तथा रेष्टुरेण्ड व्यवसायी संघ पाल्पाका अध्यक्ष लक्ष्मण बस्याल, पत्रकार रामचन्द्र रायमाझी लगायतले व्यवसायिक बन्न तालिममा सहभागीहरुलाई आग्रह गरे । उनीहरुले सके व्यवसायिक बन्न, नसके स्वरोजगार बन्ने दिशामा लाग्नुपर्नेमा जोड दिए । शिव इन्स्टिच्यूटका प्रवन्धक नारायण भट्टराईले बेरोजगार युवाहरुलाई स्वरोजगार बनाउने उद्देश्यले हरेक वर्ष सिटीभिटी र स्थानीय सरकारको सहयोगमा सीपमूलक तालिमहरु सञ्चालन गरिदै आइएको बताए । कार्यक्रममा , प्रशिक्षक विद्या रायमाझी, प्रशिक्षार्थीहरु चनिश्वर दर्लामी, सन्दीप घिमिरेले आ-आफ्ना अनुभव शेयर गरेका थिए । विभिन्न सीपमूलक तालिममा सहभागी भई सिप परीक्षणमा उर्त्तिणहरुलाई प्रमाण पत्र वितरण गरिएको थियो । प्रालि पाल्पाका प्रवन्धक नारायण भट्टराईको अध्यक्षता, तालिम संयोजक बलबहादुर उचैको स्वागत, प्रालिका कार्यक्रम संयोजक कमल भट्टराईको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# परिवार नियोजन संघले मनायो

## विश्व मानवता दिवस



**पाल्पा,** भदौ २/जिल्लामा परिवार नियोजनको क्षेत्रमा काम गर्दै आएको परिवार नियोजन संघ पाल्पाले विश्व मानवता दिवस मनाइएको छ । संघले शनिबार अन्तर्क्रियासँगै मानव सेवामा योगदान पुऱ्याएका व्यक्तिहरुलाई सम्मान गर्दै दिवस मनाएको हो ।

संघले जिल्लाको मानवीय सेवामा निरन्तर योगदान पुऱ्याउदै आएका तीन जना व्यक्तिहरुलाई सम्मान गरेको छ । उसले रेडक्रस पाल्पाका निवर्तमान सभापति बुद्धिप्रसाद शर्मा, युनाइटेड मिसन अस्पतालकी निर्देशक रचेल कारख र शसस्त्र प्रहरी निरीक्षक उमेश ढकाललाई सम्मान गरेका हो । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलाले मानविय सेवामा लागेका व्यक्तिहरुलाई सम्मान गरेर संघले प्रशसंनिय कार्य गरेको बताए ।

**-बाँकी अन्तिम पेजमा...**

# बुटवल मिडिया सम्मेलन : १३ बुँदे घोषणापत्र जारी गर्दै सकियो

**बुटवल,** भदौ २/लुम्बिनी प्रदेशको बुटवलमा आयोजना गरिएको प्रादेशिक मिडिया सम्मेलन १३ बुँदे घोषणपत्र जारी गर्दै सकिएको छ । प्रकाशन तथा प्रसारण संघ लुम्बिनीको आयोजनामा शुक्रबारदेखि सञ्चालन भएको सम्मेलनले शनिबार लुम्बिनी केबलकारको टपस्टेशन पाल्पाको तिनाउ गाउँपालिका-३ वसन्तपुरबाट १३ बुँदे वसन्तपुर घोषणापत्र-२०८० जारी गरेको हो ।



जहाँ समानुपातिक विज्ञापन वितरण प्रणालीलाई नीतिगतरुपमा व्यवस्था गरी कार्यान्वयन गर्न माग गरिएको छ । सम्मेलनले सञ्चारगृहमा हाल देखिएको आर्थिक संकट समाधानका लागि तीनै तहका सरकारले मिडिया सवलीकरणका कार्यक्रम सञ्चालन गर्न पनि माग गरेको छ । घोषणापत्रमा तीनै तहका सरकारले प्रदान गर्ने विज्ञापनको समानुपातिक वितरण प्रणालीका आधारमा रेडियो, पत्रपत्रिका, टेलिभिजन र अनलाइनलाई दिइने विज्ञापन सिधै सञ्चारगृहलाई उपलब्ध गराउने व्यवस्था मिलाउन समेत माग गरिएको छ । यस्तै घोषणापत्रमा सरकारले लिँदै आएको विद्युतीय सञ्चारमाध्यमको नवीकरण दस्तुर तथा रोयल्टी दस्तुर पूर्ण छुटको व्यवस्था गर्न र रेडियो, टेलिभिजन, अनलाइन, छापामाध्यम तथा सञ्चार उद्योगको विद्युत् महशुलमा छुटको व्यवस्था अविलम्ब सुरु गर्न माग गरिएको छ । सरकारले सञ्चार गृहलाई दिँदै आएको लोककल्याणकारी विज्ञापनको रकम शतप्रतिशत वृद्धि गर्न, रेडियो र टेलिभिजनको लाइसेन्स नवीकरण व्यवस्थालाई सरल र सहज बनाउन, दर्ताविना कतिपय मिडिया सञ्चालन भएकाले यसको अनुगमन गरी दर्ता प्रक्रिया र कानुनी दायरामा ल्याउन, संघीय शासन पद्धतिको मर्मलाई समेत ध्यानमा राखेर प्रेस पास वितरण, लोककल्याणकारी विज्ञापनसम्बन्धी निर्णय, भुक्तानी, वर्गीकरण र अनुगमन जिल्लास्तरमै हुनेगरी संयन्त्र तयार गर्न घोषणापत्रमा उल्लेख छ । सम्मेलनले प्रेस काउन्सिल नेपालले मिडिया विकास कोषमार्फत प्रादेशिक र स्थानीय मिडियाको विकासमा लगानी गर्न, मिडिया उपकरण खरिदमा ब्याज अनुदान दिने व्यवस्थालाई अझ प्रभावकारी बनाएर मोफसलका मिडियालाई विशेष प्राथमिकताका साथ सहयोग गर्न अनुरोध गरिएको छ । सम्मेलनले लुम्बिनी प्रदेशका सञ्चार गृहको वास्तविक अवस्था र समस्या पहिचान गर्न सहयोग पुगेको संघका अध्यक्ष नवराज कुँवरले बताए । 'कोभिडको महामारीपछि नै मिडिया क्षेत्र आर्थिक संकटमा पर्दै गएको छ, पत्रकार बेरोजगार बन्ने अवस्था बढ्दो छ,' उनले भने, 'त्यसबाट अब मिडिया हाउसलाई कसरी सबलीकरण गर्न सकिन्छ र तीन तहका सरकारको भूमिका के हुन्छ भन्ने विषयमा सम्मेलनले ठोस निश्कर्ष निकाल्दै घोषणापत्र जारी गरेको छ ।' सम्मेलनमा प्रदेशको विकासमा यस क्षेत्रका मिडियाहरुको भूमिका र उनीहरुको अवस्थाका विषयमा व्यापक छलफल भएको थियो । सम्मेलनमा सञ्चार माध्यमले खेल्दै आएको भूमिका, उनीहरुको संस्थागत विकासका साथै रोजगारी र पेशागत सुरक्षाका विषयमा समेत बहस र छलफल भएको थियो । कार्यक्रममा १ सय २५ जना सञ्चालक तथा प्रकाशकहरुको सहभागिता रहेको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## नहोस् नागरिकको स्वास्थ्यमा खेलवाड

प्रायः बाहिरबाट आउने सबै तरकारी विषादी हुने गरेको छ । यस्तो तरकारीको सेवन स्वास्थ्यका लागि हानिकारक हो भन्ने जानकारी छ तर, बाध्यताले यसको प्रयोग गर्नु परेको छ । भारतबाट आयात हुने तरकारीमा अत्याधिक मात्रमा विषादी हुने गरेको छ । सरकारी तवरबाट यसको कडाइका साथ परीक्षण हुन नसक्नु दुखद् हो । तरकारीमा विषादीको प्रयोग बढेका कारण नेपालीहरूमा गम्भीरखालका रोग लाग्ने गरेको पनि पाइएको छ । आयातित विषादीमध्ये ८५ प्रतिशत तरकारीमा प्रयोग हुने गरेको छ । सरकारले अर्गानिक खेती प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ तर, बालीनालीमा विषादी प्रयोगदर बढ्दै गएको छ । सरकारले संविधानले सुनिश्चित गरेको सुरक्षित र गुणस्तरीय वस्तु उपभोग गर्न पाउने अधिकार सुनिश्चित गर्ने दायित्व पूरा गर्न सकेको छैन ।

नेपालमा प्रत्येक वर्ष भित्रिने विषादी मध्ये ८५ प्रतिशत तरकारी बालीमा प्रयोग हुन्छ । अधिकांश मानिसहरु विषादी तरकारी कै कारण मृत्युवरण गर्नु परेको छ । स्वास्थ्य नै हरेक नागरिकको सम्पत्ति हो । स्वस्थ नागरिक नै देशको धन हो । स्वस्थ नागरिक नभई देशको उत्पादकत्व बढ्न सक्दैन, साथै स्वास्थ्यमा गर्ने खर्चको छुट्टै व्यवस्था गर्नु पर्ने बजेट शिक्षा तथा अन्य विकाकका कार्यमा खर्च गर्न सकिन्छ । अत्याधिक विषादीको अवशेष नरहने गरी स्वस्थ तरकारी खाने वातावरण बनाउन सरकारले प्रोत्साहन गर्न आवश्यक छ । जलवायु परिवर्तनका कारण तरकारी तथा खाद्यान्नमा विभिन्न रोगका कीरा देखिन थालेकाले किसानले त्यसलाई नियन्त्रण गर्न अन्धाधुन्ध रूपमा विषादी प्रयोग गर्न थालेका छन् । यसलाई रोक्न आवश्यक छ । किसानमा जनचेतनाको कमीका कारण र वैकल्पिक उपाय नखोज्दा आम उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर परिरहेको छ । यसको नियमन र न्यूनीकरणको एकमात्र उपाय भनेको जनचेतना र ऐनको पूर्ण कार्यान्वयन नै हो । सरकारले नियमन गर्न नसक्दा भारतबाट थूप्रै विषादी तरकारी भित्रिने गरेको छ । बजार अनुगमन र नियमनको पाटोमा जिम्मेवारी पाएका सम्बन्धित निकाय र सरोकारवालाले स्थानीय स्तरबाटै काम नगर्ने हो भने विषादी तरकारीले समाज रोग र मृत्युले घेरिनेछ । यसर्थ यसतर्फ सम्बन्धित निकाय गम्भीर बन्न जरुरी छ ।

## Opinion @ Social Network

यात्रा नै त हो जिन्दगी ...
कहिले काहीं अफ्ट्यारो घुम्ती कहिलेकाहीं उकाली ओराली,
कहिँले कसैको साथमा त कहिँले एक्लै ।

*(सन्तोष पोखरेलको फेसबुक स्टाटस https://www.facebook.com/santosh.pokharel.12327)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# जनतालाई छैन नून, नेतालाई सुनैसुन



**राजेन्द्र पन्थी**

अहिले नेपाली राजनीति, मिडिया, सामाजिक सञ्जाल, चिया चौतारी जहाँसुकै सुनको चर्चा छ । सुन यस्तो मूल्यवान धातु हो, जो नेपाली बजारमा एक तोलाको पनि एक लाख रुपैयाँ भन्दा बढी मूल्य पर्छ । सुनको सानोदेखि ठूलो मापन एकाइ भनेका पैंट, लाल, आनी, तोला, ग्राम, किलोग्राम र क्विन्टल हुन् । नेपाली जनताले नूनको जोहो गर्न नसक्ने अवस्थामा देशभित्र अहिले सुनका तोला र ग्रामका कुरा होइन क्विन्टलका कुरा गरिएका छन् । अहिले जनतालाई एक चिम्टी नून पाउन गाह्रो छ तर नेताहरूलाई भने क्विन्टलका क्विन्टल सुन पाउन पनि सहजै भए जस्तो देखिन्छ । सुन जस्तो लाल र आनीमा हिसाब गर्दा पनि महङ्गो हुने बहुमूल्य धातुलाई पनि अहिले नेपाली राजनीतिक बजारमा यति क्विन्टल र उति क्विन्टल भनेर मानौँ सबैभन्दा सस्तो र सहज पाइने वस्तु भनेकै सुन नै रहेछ कि जस्तो बनाइएको छ । अहिले कुनै एउटा सर्वसाधारण भरियालाई आरोप लगाएर नेपाली जनताका आधार र भरोसा मानिएका केही तथाकथित राजनीतिक नेताका घरघरमा अवैध बहुमूल्य सुन क्विन्टलका क्विन्टल भित्रिएको छ्याप्छ्याप्ती पढ्न, हेर्न र सुन्न पाइन्छ । आफूलाई मूलधारको राजनीतिका शीर्षस्थ नेतृत्व ठान्ने देशका जिम्मेवार भनिएका नेतृत्वहरू नै सुनको प्रमुख तस्करमा आरोपित भएका देखिन्छन् । देशका पूर्व प्रधानमन्त्रीदेखि पूर्व सभामुख हुँदै वर्तमान गृहमन्त्री र अर्थमन्त्रीलाई समेत सुन तस्करको आरोप लगाइएको छ । यी घटना र समाचारहरू सुन्दा र पढ्दा नेपाली राजनीति र नेतृत्वलाई कहिँ कतै विश्वास र श्रद्धा गर्ने ठाउँ नै छैन ।

यी नेतृत्वहरूप्रति यति घृणा लागेर आउँछ कि अब त यिनका नाम लिँदा पनि आफू नै अपवित्र र अशुद्ध भइन्छ कि जस्तो लाग्छ । अहिले नेपाली राजनीति यति विकृत भएको छ कि यसबाट अब कुनै पनि सकारात्मक काम होलान् भनेर आशा र विश्वास गर्न नै सकिँदैन । मानिसको सबैभन्दा ठूलो कुरा इज्जत र प्रतिष्ठा हो । अहिलेका यी तथाकथित नेतृत्वहरूले आृनो इज्जत र प्रतिष्ठा सबै गुमाएर नाङ्गिएका छन् । यिनीहरूलाई विश्वास गर्ने आधार केही पनि छैन । यिनीहरूले राज्यसत्ताको चरम दुरुपयोग गरी देशलाई बेच्ने सम्मको आपराधिक काम गरे र अझै पनि देशलाई एउटा असफल राष्ट्र बनाउन अनेक प्रयत्न गर्दैछन् । देशको ढुकुटीभरि लुटेर देशलाई खोक्रो बनाएका छन् । आज विश्वमा नेपाल भ्रष्टाचारी र असफल मुलुक भनेर अग्रपङ्तिमा गनिएको छ । आज राजनीतिमा चरम विकृतिका कारण राजनीतिभित्र अपराधीकरण मौलाएको छ । राजनीतिक नेतृत्व नै अपराध गर्ने होडबाजीमा उत्रिएको देखिन्छ । मानौं राज्य लुट्ने प्रतिस्पर्धामा नै दल र दलका नेताहरू लागे जस्तो देखिन्छ । दलीय सत्ता र राज्य सत्ताले नै कानून विपरीत काम गरिरहेका छन् । देशलाई सुशासन दिने भन्दा पनि कसरी अधिकतम कुशासनतिर लैजाने भन्ने खेल चलिरहेको देखिन्छ । राज्यका कुनै पनि संयन्त्रले काम गर्न नसक्दा नेपालको एउटा मात्र अन्तर्राष्ट्रिय विमानस्थलबाट क्विन्टलका क्विन्टल अवैध सुन भित्रिएको देखिन्छ । आजको नेपालको राजनीति भनेको भ्रष्टाचार, कमिशन, लुट, तस्कर र अपराधमा केन्द्रित भएको देखिन्छ । यो देशमा आफूलाई लोकतन्त्र र गणतन्त्रका नायक भनाउँदाहरू नै प्रत्यक्ष रुपमा भ्रष्टाचारका काण्डैकाण्डमा संलग्न भएका देखिन्छन् । बहुदलीय प्रजातन्त्रको पुन: बहालीपछि यो देशमा अनेक किसिमका भ्रष्टाचार र कमिशनका काण्डहरू बढाइएका छन् । २०४६ सालपछि प्रजातन्त्रको प्राप्तिका नाममा ठूल्ठूला भ्रष्टाचारका काण्ड मात्रै होइनन् महाकाण्ड घटाइए र आजसम्म आउँदा त झन् नेपाली नागरिकलाई समेत बेची नेपाललाई मानव बेचबिखन, अपराध र तस्करको अखडा बनाइएको देखिन्छ । ती महाकाण्डहरूमा करोडदेखि अर्बसम्मका भ्रष्टाचार र कमिशनका खेल भएका छन् । २०४६ सालको प्रजातन्त्रको पुन: बहाली पछिका केही प्रमुख महाकाण्डहरूमा सुडान घोटाला काण्ड, लाउडा काण्ड, धमिजा काण्ड, चेज एयर काण्ड, चाइना साउथ वेष्ट काण्ड, माओवादी लडाकु क्यान्टोनमेन्ट काण्ड, वाइडबडी खरिद काण्ड, सेक्युरिटी प्रिन्टिङ प्रेस खरिद काण्ड, ओम्नी र यति काण्ड, ललिता निवास जग्गा प्रकरण, ३३ किलो सुन काण्ड, बुढीगण्डकी जलविद्युत परियोजना काण्ड, नक्कली भुटानी शरणार्थी प्रकरण, अवैध क्विन्टल सुन काण्ड, गिरी बन्धु टी इस्टेट जग्गा काण्ड आदि थुप्रै रहेका छन् । बाहिर जेसुकै भनिएता पनि यी भ्रष्टाचार र तस्करी काण्डमा कहिँ न कतैबाट अहिलेको राजनीतिक नेतृत्व र नेताहरूकै प्रत्यक्ष संलग्न भएको देखिन्छ । राजनीतिक आडमा भ्रष्टाचारले जरा गाडेर जताततै मौलाएको देखिन्छ । राजनीतिक नेतृत्वले राजनीतिलाई पेशा र व्यवसाय बनाएर देश र जनतालाई लुट्ने काम गरे र देशलाई टाट बनाएका छन् । लोकतन्त्र र संघीयताको नाम बेचेर गाउँलाई उजाड बनाए भने शहरलाई वृद्धाश्रम बनाउँदै छन् । देशभित्र रोजगार पाउन नसक्दा आज परिवार पाल्नकै लागि नेपाली युवाशक्तिहरू विदेश पलायन भएका छन् । देशमा कहिँ कतै पनि विकास र उन्नतिका सम्भावनाका सङ्केतहरू पनि देखिँदैनन् । राजनीतिक नेतृत्व जहिले पनि देशमा एकपछि अर्को काण्डहरू मच्चाउन खप्पिस भएको छ । दलीय नेतृत्व र राज्यसत्ताबाट नै राजनीतिक स्थिरता, सुशासन, समृद्धि र विकासका कुराहरू कहिल्यै सुन्न र भोग्न पाइँदैन । आज एउटा सर्वसाधारण नेपालीले विदेशबाट फर्कदा आृनो पसिनाको कमाइबाट परिवारको लागि मोबाइल किनी ल्याउँदा दु:ख दिने कर्मचारी वा सुरक्षा निकायले क्विन्टलका क्विन्टल सुन ल्याउँदा एयरपोर्टमा देख्न सकेन भन्नु कहाँ सम्मको बदमासी र तस्करी हुँदो रहेछ भन्ने कुरा जो कहिले सजिलै अनुमान गर्न सकिन्छ । अहिलेको यो त भेटिएको वा देखिएको एउटा सामान्य र मात्र साठी किलोको कुरा हो भन्ने गरिन्छ यस्ता नदेखिएका वा नभेटिएका कति धेरै क्विन्टलका घटना भए होलान् र कति धेरै अवैध सामान देशभित्र भित्रिए होला ? राजनीतिक दलका शीर्षस्थ नेताहरूले नै यति क्विन्टल र उति क्विन्टल भित्र्याएको भनेर एक अर्कोलाई आरोप लगाएकै छन् । खासमा नेताहरू आफू नै प्रत्यक्ष संलग्न भई राजनीतिक आडमा नेपाललाई तस्कर र अपराधको अखडा बनाइएको देखिन्छ । आज पुलिस र प्रशासनमा राजनीतिकरण भएकै कारण कुनै पनि संयन्त्रहरूले काम गर्दैनन् । देश नै तस्कर, बिचौलिया र अपराधीले चलाए जस्तो देखिन्छ । यहाँ कानूनले काम गर्दैन र कानूनी राज्य नै छैन जस्तो लाग्छ । लोकतन्त्रलाई लुटतन्त्र बनाइएको छ । राजनीतिक दल र नेतृत्वमा वाद, सिद्धान्त, इज्जत, प्रतिष्ठा, इमान्दार, जवाफदेहीता र उत्तरदायित्व भन्ने केही पनि छैन । जहिले पनि सत्ता र कुर्सीको लागि लुछाचुडीमात्र गरेको देखिन्छ । राजनीति लाजनीतिमा परिणत भएको छ । नेपालको समृद्धि र उन्नतिका लागि यहाँका पुराना दल र पुरानो नेतृत्व नै अहिलेको लागि मुख्य बाधक बनेको देखिन्छ । जहिलेसम्म यो भ्रष्टाचारी, बेइमानी र तस्करी नेतृत्व रहिरहन्छ त्यहिलेसम्म नेपाली जनताले सुखको सास फेर्न सक्दैनन् । आज पनि धेरै नेपाली जनताहरू बिहान के खाने र बेलुका के खाने भन्ने ठूलो समस्यामा छन् । उनीहरूलाई दुई छाक हातमुख जोर्न अत्यन्तै गाह्रो छ । नेपालका दूरदराजका जनताले सजिलै नूनसमेत खान पाउँदैनन् । आज नेपाली राजनीतिमा जनतालाई एक चिम्टी नूनसमेत खुवाउन सकिएन भनेर चासो र चिन्ता हुँदैन । नेताका बीचमा सुन तस्कर वा अपराधीलाई कसरी जोगाउने वा संरक्षण गर्ने भन्नेमा तछाडमछाड भएको देखिन्छ । राजनीतिक नेतृत्वका बीचमा सुनको तस्करलाई कसरी संरक्षण गर्न सकिन्छ भनी दलीय र गुटीय कोठेबैठकहरू चलेका देखिन्छन् । नेपाली जनताको जनजीविका बारेमा सम्बन्धित निकायमा कुनै चासो, चिन्ता र चिन्तन नै भएको पाइँदैन । नेपाली राजनीतिभित्र जहिले पनि भ्रष्टाचार, अपराध र तस्करकै हालीमुहाली भएको देखिन्छ । यस्तो अवस्थामा राजनीतिले निकाश र देशले विकास अनि जनताले सुखको सास कहिले पाउने होला कुन्नि ? आशै आशामा र दु:खैदु:खमा नेपाली जनताका दिनहरू बितिरहेका छन् । राजनीतिक दलका शीर्षस्थ नेताले नै राजनीतिलाई पेशा र व्यवसाय बनाएर देशको सम्पत्ति ब्रह्मलुट गर्न पल्किएका छन् । नेताहरूले नेपाली जनतालाई भ्रममा पारेर अनेक किसिमका आश्वासनका पोका बाँडेर सत्तालाई आृनो पैत्रिक सम्पत्ति जस्तो बनाइ देशलाई खोक्रो बनाउने काम गरे । प्रजातन्त्रको पुन: बहाली भएको चौतीस वर्ष बितिसक्दा पनि देश जहाँको त्यहीं हुनु अत्यन्तै दु:खलाग्दो अवस्था हो । आज देशले आन्तरिक र बाह्र्य गरी तेइस खर्ब ऋण बोकेको छ । आज प्रत्येक नेपालीको टाउकोमा करिब पचहत्तर हजार देशको ऋण रहेको छ । देशमा नयाँ उत्पादन र रोजगारीका श्रोतहरू छैनन् । दिनहुँ हजारौं नेपाली विदेशिएका छन् । अहिले त विद्यार्थीहरू अध्ययनका लागि विदेशतिर लाग्दा देशभित्र रहेका कलेजहरूसमेत धमाधम बन्द भएका देखिन्छन् । शैक्षिक गुणस्तर कायम गर्ने, उत्पादन र रोजगारका सम्भावित श्रोतहरू खोज्ने र नेपाली विद्यार्थीलाई नेपालमा नै रोक्नमा कसैको ध्यान जाँदैन । देशमा थुप्रै पटक व्यवस्था परिवर्तन भए तर जनताको अवस्थामा परिवर्तन हुन सकेन । प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रको उपलब्धि भनेको नेता मोटाउँदै जाने र जनता दुब्लाउँदै जानेमात्र भयो । हुँदाहुँदा अहिले त राज्यबाट नै नेपाललाई अपराध र तस्करको अखडा बनाउन लागेको देखिन्छ ।

नेपालका नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाइ बेचिने जस्तो आपराधिक काम गरियो भने अवैध क्विन्टलका क्विन्टल सुनको कारोबार गरी नेपाललाई तस्करको अखडा बनाइएको छ । देशको जनसंख्याको करिब एक तिहाईलाई विदेश पठाएर राजनीतिलाई लाजनीति बनाइ राज्यसत्ता नै अपराध र तस्करमा लम्पट भएको देखिन्छ । नीतिहरूको प्रमुख र मूल नीति भनेको राजनीति नै हो । जबसम्म राजनीति स्वच्छ र सफा हुँदैन तबसम्म अन्य नीतिहरू सफा हुँदैनन् र तिनले काम गर्न सक्दैनन् । राजनीतिलाई पेशा र व्यवसायबाट अलग्याइ नितान्त राष्ट्र सेवा र समाज सेवामा समर्पित गरिनुपर्छ । अहिले नेपाली राजनीतिमा देखिएको प्राइभेट कम्पनी, टिके र झोले प्रणालीलाई अन्त्य गरिनु पर्छ र राजनीतिमा झोले बनाइएका युवा शक्तिलाई उत्पादन र रोजगारमा लगाउनु पर्छ । अबको विकल्प भनेको जतिसक्यो छिटो अहिलेको दलीय र राज्यसत्ता सम्हालेको नेतृत्वलाई मिल्काउनु नै हो । नेपाली राजनीतिमा चलेको व्यक्तिवाद, बावाद, गुटवाद, परिवारवाद, आफन्तवाद, भाउजूवादलाई अन्त्य गरिनुपर्छ । अब राजनीतिमा देखिएका र सम्भावना भएका तुलनात्मक रुपमा केही सफा युवाशक्तिलाई नै अबको नेतृत्व सम्हाल्नको लागि प्रेरित गर्नुपर्छ । आफूलाई वैकल्पिक शक्ति भन्न रुचाउने युवाशक्ति पनि मात्र लोकप्रिय र स्टन्टबाजीको राजनीति नगरी सबै नेपाली जनताको नेता बन्न परिष्कार र परिमार्जनसहित नयाँ सोच, चिन्तन, विचार र इमान्दारीका साथ २१ औं शताब्दीको नेपाललाई हाँक्न राजनीतिमा आउनुपर्छ र नेतृत्व सम्हाल्नुपर्छ । अहिले सबैभन्दा पहिले जनताका नूनका समस्यालाई सम्बोधन गरी सबै किसिमका अवैध सुन खाएकालाई कानूनको कठघरामा उभ्याइ कालकोठरीमा जाक्नुपर्छ । नेतादेखि जनतासम्म सबैले संविधानको मूल मर्मलाई आत्मसात गरी समाजवाद उन्मुख समाज निर्माणको लागि कानूनी राज्यको स्थापना र पालना गर्नैपर्छ ।

**-हाम्राकुरा डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेय्काई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

- **मेष** :स्वास्थ्य सम्बन्धी समस्याले सताउने हुँदा बाहिरी बातावरणको ख्याल गर्नुहोला।
- **बृष** : नोकरीमा परिस्थितिको सामना गर्नुपर्नेछ भने सहयोग गर्ने कमै भेटिनेछन्।
- **मिथुन** : भाग्यले साथ दिने हुनाले व्यापार व्यावसायमा थोरै समय लगानी हुँनेछ ।
- **कर्कट** :घर परिवार तथा पति पत्निबिच घरायसी कुरामा विवाद सिर्जना हुनेछ ।
- **सिंह** :व्यावसायिक यात्रा हुने भएपनि गन्तव्यमा पुग्नु अगावै समस्याहरु हुनेछ ।
- **कन्या** :मौसम तथा खानपानमा ध्यान दिनुहोला, स्वास्थ्य सम्बन्धी समस्या हुनेछ।
- **तुला** : व्यापार व्यावसायमा लगानी गरी मनग्गे धन सम्पति कमाउन सकिनेछ ।
- **बृश्चिक** :समयमा काम गर्न नसक्दा आलोचना खेप्नुपर्नेछ ।
- **धनु** : व्यापार व्यावसायमा लगानी गर्दा घाटा हुनसक्छ ध्यान दिनुहोला ।
- **मकर** :मान्छेसँग बसेर समय व्यातित गर्दा खुसी भएको महशुस गर्नेछन् ।
- **कुम्भ** :राजनीति तथा समाजसेवामा जनताको गतिलो समर्थन रहनेछ ।
- **मीन** :काममा समय बित्ने तथा अरुको काम गर्न खोज्दा आफ्नो काम थाति रहनेछ ।

# कृषि

## कागती खेतीप्रति कृषकको आकर्षण

पछिल्लो समय दिनप्रति दिन युवा शिक्षा तथा रोजगारीका लागि विदेशी जान थालेपछि गाउँ सुनसान बन्दैछन् । सुनसान गाउँका खेतीयोग्य जमिनमा वनमारा पलाउन थालेका छन् । गाउँमा भएका बालबालिका पढ्नका लागि बजार आउन थालेका छन् ।

अहिले धेरैको रोजाइ विदेश र सहर/बजार पर्न थालेको छ । बागलुङको निसीखोला गाउँपालिका-५ कारिगाउँका धर्मराज पोखरेलले भने गाउँमा कृषि कर्मबाट मनग्य आम्दानी गरिरहेका छन् । पोखरेल पनि १२ वर्ष अगाडिसम्म विदेशमै थिए । पच्चीस वर्ष भारत र दुई वर्ष कतारमा पसिना बगाए उनले १० वर्षदेखि व्यावसायिक कृषि कर्ममा लागे । पोखरेल बिहान उठेदेखि राती नसुतुन्जेलसम्म बारीमै काम गर्छन् । उनको बारीमा कागती, सुन्तला, टिमुर लटरम्म फलेका देखिन्छन् । अहिले तीन सय बोट कागती, झन्डै एक सय सुन्तला र २५ टिमुरका बाट रहेका पोखरेलले जानकारी दिए । उनका अनुसार सबै बोटमा फल लागेका छन् । 'कागती खेतीलाई विशेष प्राथमिकतामा राखेको छु । कागतीसँगै सुन्तला र टिमुर उत्पादन राम्रै भइरहेको छ", पोखरेलले भने, 'बोटबाटै रू एक सयमा कागती बिक्री हुन्छ ।' उनले कागतीको माग पहिलेको तुलनामा अहिले बढेको भन्दै उत्पादित कागती स्थानीय बजारका साथै बुटवलसम्म जाने गरेको बताए । यस वर्ष रू १३ लाख बढीको कागती, सुन्तला र टिमुर बिक्री भएका उनले जानकारी दिए । वर्षभरी घरपरिवारसँगै बसेर काम गर्दा लाखौं आम्दानी गर्न सकिने भएकाले विदेश गएर परिश्रम गर्नुभन्दा स्वदेशमै स्वरोजगार बन्नु उपयुक्त हुने पोखरेलले सुझाव दिए । कागतीसँगै यसबाट बनेको काँचो तथा पकाएको चुकसमेत बजारमा पठाउने गरेको उनले बताए । कागती खेतीमा कृषकको राम्रो भविष्य रहेको जनाउँदै उनले यो बहुउपयोगी हुने हुँदा धेरै ठाउँबाट माग आउने गरेको बताए । गाउँमा भएका बाँझो जमिनमा पनि कागती खेती विस्तार गर्ने योजना रहेको पोखरेलले सुनाए । 'हाम्रो ठाउँमा कागती राम्रो उत्पादन हुन्छ । छोटो समयमा धेरै उत्पादन गर्नसक्ने, जाडो र गर्मी दुवै याममा खपत हुने भएकाले पनि बजारमा यसको माग धेरै छ', उनले भने, 'पहिले माग धेरै आएपछि उत्पादन बढाएको थिए । अहिले भने अनुसारको बजार



पाउन सकिरहेको छैन । उत्पादन भएका सबै कागतीले बजार पाउने हो भने यसबाट मात्रै लाखौं कमाउन सकिन्छ ।' पोखरेल जस्तै बागलुङमा थुप्रै कृषक कागती खेतीतर्फ आकर्षित भएका छन् । एकदशक अगाडिसम्म जिल्लामा परम्परागत खेती हुने गरेकामा पछिल्लो समय यहाँका किसान व्यावसायिक रुपमा कागती खेतीतर्फ आकर्षित भएका हुन् । निसीखोला, बडिगाड, गलकोट, बरेङ, काठेखोला लगायत अधिकांश पालिकामा कागती खेती गर्नेको सङ्ख्या बढेको छ । पाँच वर्ष पहिले बागलुङका बजारमा भारतबाट आयातित कागती पाइन्थ्यो तर अहिले स्थानीयस्तरमै उत्पादन भएका कागती बजारमा आउने गरेका स्थानीय बताउँछन् । निसीखोला-४ झिम्पाका रेमबहादुर क्षेत्रीले १८ वर्ष कतारमा बताए । लामो समय विदेशमा बिताउँदा नपाएको खुसी अहिले आफ्नै बारीमा कागती खेती गरेर पाएको उनले अनुभव सुनाए । हाल चार सय कागतीका बोटमध्ये दुई सयले फल दिन थालेका क्षेत्रीले बताए । उनका अनुसार बारीमा कागतीसँगै एभोकाडो र टिमुरका बोट पनि छन् । सात वर्षदेखि व्यावसायिक रुपमा कागती खेती थालेका क्षेत्रीले यस वर्ष रू चार लाख बराबरको बिक्री गरेको जानकारी दिए । 'विदेशमा धेरै दुःख गरियो, सुख मिलेन । अहिले परिवारसँगै बिहान बेलुका आफ्नै बारीमा काम गर्छु, फलफूलसँगै रमाउछु, आम्दानी पनि राम्रो हुँदै गएको छ', उनले भने, 'पहिले बाध्यताले विदेश गएँ, पैसा आफ्नै बारीमा कमाउन सकिने रैछ ।' क्षेत्रीले सात वर्षदेखि कागती खेतीमा लगानी गर्दै आएको जनाउँदै अहिले प्रतिफल आउन थालेको बताए । उत्पादित कागती बिक्री हुन थालेपछि जीविकोपार्जनमा सहज भएको उनको भनाइ थियो । समुद्री सतहबाट एक हजार पाँच सय मिटरसम्म कागती खेतीको राम्रो सम्भावना रहेका कृषि ज्ञानकेन्द्र बागलुङले जनाएको छ । जिल्लामा ४० हेक्टर क्षेत्रफलमा कागती खेती गरिँदै आएको केन्द्रका सूचना अधिकारी कुमार पुन मगरले जानकारी दिए । 'कागती स्वास्थ्यका लागिसमेत निकै लाभदायक मानिन्छ । यसबाट भिटामिन 'सी' प्राप्त हुन्छ', उनले भने, 'यसको काँचो र पकाएको चुक, अमिलो अचारलगायत विभिन्न परिकार बनाएर बिक्री गर्न सकिन्छ ।' सूचना अधिकारी मगरले ४० हेक्टरमा खेती गरिए पनि अहिले २५ हेक्टरबाट उत्पादन भइरहेको जानकारी दिए । उनका अनुसार जिल्लाभर तीन सय मेट्रिक टन कागती उत्पादन हुने गरेको छ । पछिल्लो समय कागती खेतीको उत्पादन हुने क्षेत्रफल बढ्दो क्रममा रहेको भन्दै उनले केन्द्रले कृषकलाई बिरुवा वितरण, कागती खेतीसम्बन्धी तालिम तथा परामर्श सेवा दिँदै आएको बताए । 'जिल्लामा कागती खेतीको क्षेत्र व्यापक रुपमा विस्तार भइरहेको छ । उत्पादन पनि हरेक वर्ष बढेको पाएका छौं, बजारका लागि खास्सै गुनासो आएको छैन, कतिपय किसानले गाउँ नजिकैको बजारमा बिक्री गर्नुहुन्छ भने कतिले बुटवललगायत सहरसम्म पुऱ्याउने गरेका छन्', सूचना अधिकारी मगरले भने,'कागतीखेती गर्दा किसानलाई आइपरेका समस्या समाधानका लागि हामी लागिरहेका छौं । अहिले समस्या नआए पनि आउँदाबित्तिकै कृषकलाई खबर गर्न भनेका छौं ।' बजार व्यवस्थापन, बिरुवा वितरण, रोग लागेमा रोगको पहिचान गरी उपचार, आवश्यक परामर्शलगायत काममा केन्द्र सहजीकरण गर्न तयार रहेको उनको भनाइ थियो ।**-रासस**

## मनाङका किसानले स्याउ टिप्न थाले

हिमाली जिल्ला मनाङमा किसानले स्याउ टिप्न थालेका छन् । जिल्लाको तल्लो क्षेत्रमा लगाइएका गाला, मेमा र रेड डेलिसियस प्रजातिका स्याउ टिप्न थालिएको हो । यहाँ विभिन्न स्याउमध्ये गाला, मेमा र रेड डेलिसियस, फुजी, किकु, रेड जोना, प्रिन्स र गोल्डेन प्रजातिका स्याउ उत्पादन हुँदै आएका छन् ।

मनाङमा लगाइएका विभिन्न प्रजातिमध्ये गाला, मेमा र रेड डेलिसियस स्याउ टिप्न थालिएको नासों गाउँपालिका-७ ताचैका किसान सोलबहादुर गुरुङले बताए । 'केही वर्षअघिदेखि लगाएका स्याउ अहिले फलेका हुन्, पाकेको छ, टिप्न थालेका छौँ', उनले बताए । टिपेका स्याउ प्याकेजिङ गरी सुरक्षितरुपमा बजारसम्म पुऱ्याउने गरिएको उनले बताए । त्यस्तै नासों-९ स्थित दानाक्यु एग्रो फार्ममा लगाइएको स्याउ पनि टिप्न थालिएको छ । पाँच जनाको समूहमा स्याउखेती गरेका फार्मका सञ्चालक राज गुरुङले यस समयमा पाक्ने प्रजातिको स्याउ टिप्न थालिएको जानकारी दिए। उनका अनुसार स्थानीयदेखि विभिन्न प्रजातिका विकासे स्याउ अहिले टिप्ने अवस्था भएको छ । त्यसैगरी किसान सङ्गीता गुरुङ तमुले स्याउ टिपेर बजारमा पुऱ्याउन प्याकेजिङको काम भइरहेको बताए । मनाङमा उत्पादित स्याउ नेपालकै विभिन्न बजारमा खपत हुने गरेको उनले जानकारी दिए । 'स्याउ स्वादिलो र रसिलो हुनेहुँदा स्थानीय बजारमा नै खपत हुन्छ, विदेशसम्म पुग्नै पाउदैन', उनले भने । यहाँ उत्पादित स्याउ बजारसम्म सुरक्षित रुपमा सग्लै पुऱ्याउन भने कठिन छ । सडकको अवस्था व्यवस्थित नहुँदा यहाँ उत्पादित स्याउ पूरै बिक्री हुन नपाएको किसान सोलबहादुरले बताए । 'बाटोका कारणले बिक्रीका लागि ल्याइएकामध्ये आधा फाल्नुपर्ने अवस्था छ, बजारसम्म पुग्ने सडक सहज भइदिएको भए किसान खुसी हुने थिए', उनले बताए । कृषि ज्ञानकेन्द्रका प्रमुख राजेश्वर सिलवालले मनाङमा उत्पादित स्याउ विशेषगरी काठमाडौं र पोखराका बजारमा खपत हुने गरेको जानकारी दिए । 'लामो बाटो छ, सहज बाटो छैन, जसले गर्दा उत्पादित वस्तुको मूल्य किसानले पाउन सकेका छैनन्, बाटो सहज भएमा यहाँका किसानको आय अझ वृद्धि हुन्छ', उनले भने । कोभिड सङ्क्रमणको समयमा स्याउ बजारसम्म पुऱ्याउन सकस भए पनि यस वर्ष स्याउको उत्पादन बढेको उनले बताए । यस क्षेत्रमा वर्षा नभए पनि सुक्खा पहिरो खसिरहने भएकाले स्याउ बजारसम्म पुऱ्याउन सकस रहेको छ । बाटो सहज बनाउन समय लाग्ने भएमा उनको स्याउ बजारसम्म पुग्न नपाउँदै कुहिन सक्ने अवस्था रहेको छ । हाल सडक अवरुद्ध भएमा तत्कालै सहज बनाउनका लागि डुम्रे-बेंसीसहर-चामे सडक आयोजना कार्यालयले विभिन्न स्थानमा स्काभेटर राखेर सहज बनाउने काम गरेको छ ।**-रासस**

## स्वदेशमै कृषिमा भविष्य देखेका धनकुमार



भोजपुरमा विदेशप्रतिको मोह त्यागेर कृषिमा लाग्ने युवाको सङ्ख्या बढ्दै गएको छ । उनीहरुले स्वदेशमा बसेर कृषि व्यवसायबाट मनग्य आम्दानीसमेत गर्दै आएका छन् । कृषिमा लाग्ने युवालाई राज्यले सञ्चालन गरेको विभिन्न प्रोत्साहनमूलक कार्यक्रमले पनि सहयोग पुगेको छ ।

आफ्नै ठाउँमा केही गर्ने अभिलासाले पौवादुङमा गाउँपालिकाका धनकुमार राईले लामो समयदेखि कृषि व्यवसाय गर्दै आएका छन् । उनी करिब १८ वर्षदेखि उक्त कर्ममा लागेका हुन् । राईले तीन वर्ष अघि सदरमुकाम नजिकै टक्सारमा साढे छ रोपनी जग्गा भाडामा लिएर व्यावसायिक तरकारी खेती गर्दै आएका छन् । तरकारी व्यवसायबाट मनग्य आम्दानी गर्न सकिने देखेपछि यसलाई थप विस्तार गरेको उनको भनाइ छ । 'विदेश जानुभन्दा स्वदेशमै व्यावसायिक भएर काम गर्न सकियो भने आम्दानी गर्न सकिन्छ', राईले भने,' 'वार्षिक रुपमा रु नौ लाखसम्मको तरकारी बिक्री गर्छु । त्यसमा कामदार, बीउ बिजन लगायत खर्च कटाउँदा वार्षिक रु तीनदेखि रु चार लाखसम्म आम्दानी हुन्छ ।' कृषक राईले आफ्नो तरकारी फर्ममा गोलभेँडा, कुरिलो, सिमी, बन्दाकोभी, काउली तथा विभिन्न बेमौसमी तरकारबाली लगाएको बताए । कृषि कर्ममा मेहनत गरेर लाग्न सके जीवन गुजारा गर्न समस्या नरहेको कृषक राईले बताए । अहिले महिनामा पाँच/छ जनालाई रोजगारीसमेत दिएको उनीको भनाइ छ । 'आफ्नै ठाउँमा कृषि कर्म गर्न पाउँदा खुसी लाग्छ', उनले भने, 'विदेश जाने मोह त्यागेर लामो समयबाट यही पेसामा लागेको छु । यहाँबाट आएको आम्दानीबाट सन्तुष्ट छु । केही मानिसहरुलाई रोजगारी पनि दिएको छु ।' उत्पादित कृषि उपजको बजारीकरणमा राज्यले सहयोग गरे अझ बढी आम्दानी लिन सकिने कृषक राईको भनाइ छ । बजारीकरणको समस्याका कारण कुनै समयमा तरकारी बारीमा कुहिएर जाने अवस्था आउने गरेको उनले बताए । 'कृषि व्यवसायको मुख्य समस्या बजारीकरणको छ', उनले भने,'बजारको राम्रो व्यवस्था नहुँदा कुनै समयमा बारीमा तरकारी कुहिएर गएको अवस्था पनि छ ।' नमूना कृषि फर्मका रुपमा विस्तार गर्न कृषि ज्ञान केन्द्रबाट आर्थिक वर्ष २०७९/८० मा रु दुई लाख ८९ हजार अनुदान सहयोग पाएको राईले बताए । आफूले गरेको कृषि कर्मलाई राम्रो देखेर राज्यको आँखा परेकामा खुसी लागेको उनको भनाइ छ । 'लामो समयबाट कृषिमा लागेको थिए', उनले भने, 'तर मैले राज्यका तर्फबाट खास सहयोग पाएको थिइनँ । यो पटक भने राज्यले सहयोग गरेको छ । यसले मलाई थप हौसला मिलेको छ ।' युवा लक्षित, महिला लक्षित, राजमार्ग लक्षित तरकारी खेती कार्यक्रम, नमूना कृषि कार्यक्रम लगायत योजनाहरु सञ्चालन गरेर कृषकलाई आवश्यक प्रोत्साहनको कार्यक्रम सञ्चालन गरिरहेको कृषि ज्ञान केन्द्रका प्रमुख गणेश खत्रीले बताए । राज्यले प्रोत्साहनका कार्यक्रम सञ्चालन गरेपछि कृषिमा लाग्नेको सङ्ख्या बढेको उनको भनाइ छ । 'व्यावसायिक रुपमा कृषिमा लागेका कृषकलाई हामीले आवश्यक सहयोग गर्दै आएका छौँ', उनले भने, 'राज्यबाट यस्ता खालका प्रोत्साहनका कार्यक्रम सञ्चालन भएपछि कृषिमा लाग्नेको सङ्ख्या यो जिल्लामा बढेको अवस्था छ । यसलाई अझ व्यवस्थित र प्रभावकारी कसरी बनाउन सकिन्छ भनेर हामी लागिपरेका छौं ।'
**-रासस**

## मौरी ब्लकमा लगानी बालुवामा पानी !

खोटाङ जिल्लाको ऐसेलुखर्क-३, धोद्रेका जीवन राई परम्परागत पशुपालन र कृषि कर्म गरिरहेका थिए । सामान्य लेखपढ भएका उनले एकदुई घार मौरी पनि पालेका थिए । उनलाई विस्तारै मौरी पालन व्यवसाय गर्ने सोच आयो र विदेशबाट फर्किएका आफ्ना भाइसहितको सहकार्यमा मौरी पालन व्यवसाय सुरु गरे ।

त्यही बेला प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत कृषि ज्ञान केन्द्र खोटाङले 'मौरी ब्लक निर्माणको प्रस्ताव आह्वान' गऱ्यो । सूचना प्रकाशित भएको थाहा पाएपछि उनै जीवनले आफ्ना छरछिमेकी साथीभाइसँग सल्लाह गरे, र मौरीको घार बढाए । उनले लगानी थपे, समूह बनाए । ब्लक बनाउने अभियान चलाए । सबै सहमत भएपछि मौरी ब्लक कार्यक्रममा उनले निवेदन दिए । उत्साहित हुँदै निवेदन दिएको उनको समूहले २ आर्थिक वर्षमा गरेर ३८ लाख २० हजार रुपैयाँ अनुदान पनि पायो । तर, अहिले किनेका मौरीहरु मरेर ४५ घारमा सीमित छन् । त्यो पनि व्यक्तिहरुको घरघरमा छ । एकैठाउँ छैनन् । वरिपरि जंगलले गरिएको धोद्रेमा मौरीका लागि अनुकुल हुने प्रकृतिको बालीनाली पनि लगाइएको थियो । मौरी ब्लक निर्माणका लागि अरु समूहले निवेदन पनि दिएनन् । एकल निवेदन परेपछि कृषि ज्ञान केन्द्र खोटाङले उनैलाई छनौट गरेर अनुदान दिएको थियो । अनुदान दिएपछि राईले १३० घार मौरी रामेछापबाट किनेर ल्याए । १३ हजार रुपैयाँ प्रतिघारमा खरिद गरेका मौरी एक वर्षमै मरेर सिद्धिए । 'म त खेती गर्ने, हलो जोत्ने मान्छे । के के न हुन्छ भनेर कृषि ज्ञान केन्द्रका मान्छेले पनि भने । अब त हामी उक्सिनै नसकिने भइयो,' उनले गुनासो सुनाए, 'पहिलो पटक २० घार लिएका थियौं । रामेछापबाट १३० घार ल्याइयो । घारभित्र बच्चा भएको चाका कुहिएछ । त्यसपछि माउले छोड्दै हिँड्दै गऱ्यो ।' राईले चरा र अरिङ्गालले पनि मौरी खाइदिएको बताए । 'टाढाबाट ल्याएको कारण वल्लो डुँड र पल्लो डुँडको मौरी झगडा गरेर पनि मऱ्यो । यस्तै चिवे चरा र अरिङ्गालले पनि धेरै मौरी खाइदियो । अहिले १०-१२ वटा घारचाहिँ म आफैँले हेरिरहेको छु,' उनले भने, 'अरु घार व्यक्तिव्यक्तिको घरमा छ । अहिले त्यस्तै ४५ वटाजति घार होलान् ।' सरकारले दुई पटक गरेर ३८ लाख २० हजार अनुदान दिएकोमात्रै होइन, मौरीपालक उक्त समूहले पनि त्यतिनै लगानी गरेको थियो । ६५० घार मौरी पालन गर्ने सोच बनाएको समूहले डुँड बनाउन मात्रै प्रतिगोटा ३ हजार खर्च गऱ्यो । 'डुँड र घार गरेर ४० लाखभन्दा बढी खर्च भयो । २ वर्षदेखि गरेको मेहनत खेर गयो । जम्मा वार्षिक कमाई ५० हजारजति मात्रै हुन्छ,' राईले सुनाए । मौरी पालनमा टन्न नाफा कमाउने सोच बनाएका उनीहरु अहिले निराश छन् । 'मौरी फष्टाउन सकेन । कोही भागे, कोही मरे । हिउँदमा बाहिर गएका मौरी फर्किएरै आएनन्,' उनले भने । कृषि ज्ञान केन्द्र खोटाङले केही महिना अगाडि उनको ब्लक अनुगमन गरेको थियो । त्यसबेला प्रतिबद्धता जनाए अनुसार मौरी नभएको देखेर प्रमुख जिल्ला अधिकारीसहितको टोलीले तत्काल घारहरु बढाउन निर्देशन दियो । तर, उनलाई थप लगानी गरेर मौरीको घार बढाउने इच्छा नै छैन । 'बढाउँ भनेर लागिरहेका त छौं । तर बढ्ने अवस्थाचाहिँ देखिँदैन,' उनले भने । १८ सय मिटर उचाईमा रहेको उक्त गाउँको वातावरण मौरी हुने खालको नभएको हो कि भन्ने शंका पनि उनीहरुले गरिरहेका छन् । कृषि ज्ञान केन्द्रले आयोजना गरेको तालिममा उनीहरु सहभागी पनि भएको बताउँछन् । कृषि ज्ञान केन्द्र खोटाङका निमित्त प्रमुख हरिनारायण राईले पनि आफूहरुले गरेको लगानीले प्रतिफल नदिएको बताए । दुई वर्षभित्रमा प्रतिबद्धता अनुसार मौरीसहितका घार भरेको हुनुपर्छ भनेर प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा गएको अनुगमन टोलीले आदेश दिएको उनले बताए । 'सहमति अनुसार उहाँहरुले भएका सबै डुँडमा मौरी विस्तार गर्छौं भन्नुभएको छ,' हरिनारायणले भने, 'उहाँहरुलाई वडाहरु थप गरेर भए पनि ब्लकको क्षेत्र बढाएर राज्यको लगानीलाई सुरक्षित गर्नुहोस् भनेका छौं ।' हरिनारायणका अनुसार रामेछापबाट ल्याएको मौरीमा फाउल रोग लागेको रहेछ । 'त्यो रोग लागेपछि माउमार्फत अरु घारमा पनि सऱ्यो र मरेको देखियो । प्राविधिक हिसावले दक्ष नभएको र ज्ञान केन्द्रसँग पनि प्राविधिक नभएको हुँदा हामीले दोस्रो वर्ष भोजपुरबाट विशेषज्ञ झिकाएर तालिम पनि दिइयो,' उनले भने, 'त्यसपछि केही हदसम्म सुधार भयो । त्यस्तै उहाँहरूलाई प्रदेशस्तरीय तालिममा पनि पठाइएको छ ।' एउटा मात्रै निवेदन परेको र उत्साहित भएर आएको कारण उनीहरुलाई नै मौरी ब्लकको कार्यक्रम दिएको हरिनारायणले बताए । 'उहाँहरुले त्यतिखेर उत्साहित भएर निवेदन हालेका कारण त्यो कार्यक्रम हामीले उहाँहरुलाई नै दिने गरी स्वीकृत गरेका हौं । ब्लकलाई प्रक्रिया पूरा पनि गरेको हिसावले हामीले छनौट गरेका हौं । तर, अन्तिममा आएर असफल जस्तो भयो,' उनले भने । मौरी ब्लकका लागि आर्थिक वर्ष २०७७/०७८ मा २५ लाख र अर्को वर्ष १३ लाख २० हजार दिइएको हो । ब्लक सञ्चालनका लागि कृषि ज्ञान केन्द्र खोटाङ र मौरी ब्लक विकास समितिबीच ७ सय मौरीको आधुनिक घार निर्माण गर्ने सम्झौता भएको थियो । उक्त समितिको अध्यक्ष जीवन राई आफैं हुन् । समितिमा १८ जना सदस्य छन् । **-रातोपाटी डटकम**

